ISSN: pISSN 2976-1344 eISSN 2976-1352
AMC Multidisciplinary Research Journal (AMRJ)
Volume: 4 Issue: 1, Year 2025
*******************************

# एक चिहान उपन्यासमा अल्भेको समाज

# A Society Entrapped in the Novel Ek Chihan

गिरिराज पौडेल
**Giriraj Poudel**

DOI: https://doi.org/10.3126/amrj.v4i1.78684

[1]उप-प्राध्यापक, नेपाली,त्रि.वि.वि, महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्ज
[1]Corresponding Author: ORCID: https://orcid.org/0009-0007-1551-461X Email: grpaudel705@gmail.com
Article History: Received: Jan. 10, 2025 Revised: April. 4, 2025 Received: May. 5, 2025

**लेखसार**

उपन्यासकार हृदयचन्द्र सिंह प्रधानद्वारा लिखित एक चिहानमा तत्कालीन समाज तथा सामाजिक सुधार तर्फ के कस्तो अवस्था रहेको छ भन्ने विषयको अध्ययन तथा विश्लेषणमा प्रस्तुत लेख केन्द्रीत रहेकोछ । यसले वि.सं. २०११ साल आसपासको नेपाली समाजको जीवनको सन्दर्भलाई उठान गरेको छ । वि.सं. २००७ सालको परिवर्तनले देशमा राजनैतिक परिवर्तन गराए पछि आमजनमानसमा चेतनाको अभिवृद्धि भए पनि सामन्त, शोषक र षडयन्त्रकारीहरुको दबदबा भने यथावत रहेकाले सर्वसाधारणले यातना र दुःख पाइरेहेको आवस्था कायमै थियो । जनमानसमा दुःख र सास्तीबाट मुक्ति प्राप्त गर्ने चाहना स्वरुप समाजमा रहेको कुसंस्कार, कुप्रथा, कुप्रवृतिको भन्डाफोर गर्दै जनमानसमा रहेका नराम्रा प्रवृति तथा चालचलन प्रतिको परिवर्तनको भावना यस उपन्यासमा रहेको छ । समाजमा विद्यमान रुढीगत प्रवृतिले गर्दा तत्कालीन समाजका व्यक्तिहरुमा दास प्रवृति मौलाउदै गएको र यसले गरीव वर्ग गरीव र धनी वर्ग धनी हुदै गएको अवस्थाको कुरा नै यस लेखको सार हो । अनुसन्धानको ढाँचामा आधारित प्रस्तुत लेखमा पुस्तकालयीय कार्यका आधारमा प्राथमिक र द्वितीय स्रोतको संकलन गरी अध्ययन तथा विश्लेषण गरिएको छ । प्रस्तुत कृतिले समाजमा जरा गाडेर बसेका रुढीवादी मूल्यमान्यतामा परिर्तन वा सुधार गर्ने अपेक्षा राखेको छ । समाजमा विद्यमान तिनै प्रवृतिहरुले मानिसलाई पारेको नराम्रो असर प्रति सचेत गराउनु पनि यस लेखको निष्कर्ष हो ।

*शव्दकुन्जी* : अनुसन्धान, रुढीवादी, मूल्यमान्यता, वर्गीयता, अध्ययन, कुप्रवृति, मार्क्सवाद, साम्प्रदायिता, पर्यावरण, समाजसापेक्ष, प्रतिविम्ब, प्रतिछायाँ

## विषयपरिचय

उपन्यास हृदयचन्द्रसिंह प्रधान (वि.सं. १९७२-२०१६) नेपाली साहित्यका आख्यान, नाटक, निबन्ध तथा समालोचनाका विधागत क्षेत्रमा कलम चलाउने सफल व्यक्तित्व हुन् । यिनका स्वास्नीमान्छे (२०११) र एक चिहान )२०१७) उपन्यास, भूस्वर्ग (२००३), तिस रुपियाँको नोट (२००४), जुँगा (२००९), कुरा साँचो हो (२०११) र अफसोच (२०२७) निबन्बध संग्रह, छेउ लागेर (२००६), गंगा(२०१६) र कीर्तिपुरको युद्धमा (२०१६) एकांकी संग्रह, केही नेपाली नाटक (२००२), साहित्य र दृष्टिकोण (२००४), भानुभक्त एक समीक्षा (२०१३) र नेपाली काव्य र यसका प्रतिनिधि कवि (२०२१) समीक्षात्मक कृतिहरु, उनको आँसु (२०१२) र उपन्यास हृदयचन्द्रका कथाहरु (२०१५) कथासंग्रह र चिन्ह परिचय (२०००) व्याकरणका पुस्तकहरु प्रकाशित छन् । यिनको दुवै उपन्यासमा नेपाली समाजमा रहेका निम्नवर्गीय नेपाली समाजमा रहेका निम्नवर्गीय जनताका पीडा र व्यथा प्रस्तुत गरी समाजको प्रगति र उन्नतीको अपेक्षा गरिएको गरिएको छ । उपन्यास हृदयचन्द्र सिंह प्रधान समाजोपयोगी विचारकको औपन्यासिक प्रतिपादन नै वास्तवमा उनको विशिष्टता हो (प्रधान,२०५२,पृ.५५) ।

एक चिहान' उपन्यास हृदयचन्द्र सिंह प्रधान द्वारा लेखिएको सामाजिक यथार्थवादी उपन्यास हो । यस उपन्यासमा काठमाडौं शहरको २०११ सालतिरको समाजलाई देखाइएको छ । यस उपन्यासमा देखिने समाज दुई वर्गमा विभाजित छ । समाजमा हुने खाने वर्गहरु गरिबहरुलाई थर्काएर एवम् अनेकजालझेलमा फसाएर मोजमस्ती गरिरहेका देखिन्छन् । शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा हुने खानेहरुकै पहुच छ । त्यस्ता मान्छेहरुले पनि गरिबहरुलाई सहयोग गरेजस्तो गर्छन् तर त्यसभित्र स्वार्थ लुकेको हुन्छ भन्ने यथार्थ यस उपन्यासमा देखिन्छ । यिनी नेपाली उपन्यास परम्परामा समाजवादी यथार्थवादी धारा भित्र्याउने सुधारवादी, मानवतावादी, विचारप्रधान उपन्याासकार हुन् (लुइटेल, २०६९, पृ. १३६) ।

चिहान' उपन्यासमा सामाजिक असमानतालाई सहज र प्रभावकारी रुपमा प्रस्तुत गरी सामाजिक कुसंस्कार, धार्मिक अन्धविश्वास, आर्थिक शोषण र जातीय साम्प्रदायिकताको विरोध गर्नेतर्फ यिनको लेखनी अगाडि बढेको देखिन्छ । प्रस्तुत उपन्यासले क्रान्तिकारी तथा सुधारवादी प्रवृतिलाई भित्र्याएको छ । साथै समाजका विपन्न वर्गको दयनीय अवस्था पनि देखाइएको छ । जो किसान छ, दिनरात मिहिनेत गर्छ उसैलाई हातमुख जोड्न मुश्किल पर्छ अनि जो सिकर्मी छ उसैको घर भत्किएर जीवन सकिने अवस्था यस उपन्यासमा देखाइएको छ । जातीय विभेद, रुढिवादी सोच तथा सामाजिक आर्थिक असमानताका कारण गरिबहरु धेरै शोसित भएको यथार्थ उपन्यासमा प्रस्तुत गरिएको छ । शोषणले सिमा नाघे पछि गरिबहरुमा बिस्तारै चेतनाको लहर पलाउन थालेको अवस्था पनि उपन्यासले देखाएको छ । बाबुआमाको काजक्रिया गर्दा गरिबले पनि दान दिनैपर्ने, ऋण काडेर भएपनि भोज खुवाउनु पर्ने र धार्मिक आडम्बर देखाउनै पर्ने जस्तो परम्पराको विरोध यस उपन्यासले गरेको छ । समाजका टाठाबाठाले जनतालाई शोषण गर्दै आएको र यसलाई परम्परा बनाएर ल्याएका हुदां यस्तो गलत परम्परा तोड्नु पर्ने मान्यता उपन्यासमा पाइन्छ । समाजका धनी वर्गहरु गरिबको पसिना चुसेर मोज मस्तीमा भुल्ने गरेको अति गरिबहरु चाहिं भोकभोकै मर्नुपरेको यथार्थ उपन्यासले चित्रण गरेको छ । सुब्बा सुरमान र गोदत्तप्र साद जस्ता निच शोषकले सहयोगी जस्तो गरि कसरी गरिब जनताको शोषण गर्छन भन्ने कुरा उपन्यासमा देखाइएको छ । त्यस्ता शोषकहरुको दया मायाबाट उन्नति कहिल्यै हुन नसक्ने विचार व्यक्त गरेको छ । यस प्रकार एकचिहान उपन्यासमा यी र यस्ता थुप्रै सामाजिक जागरणका लागि आवश्यक पर्ने प्रगतिवादी विचारहरु प्रस्तुत गरिएका छन् र तिनै विचारका माध्यमबाट सामाजिक विकृति हटाएर असल समाजको निर्माण गर्न उपन्यासले अनुरोध गरेको छ ।

## अध्ययन विधि

एक चिहान उपन्यासको सामाजिक पक्षको अनुसन्धानात्मक लेख पुस्तकालय विधिद्वारा तयार गरिएको छ । यसमा प्राथमिक र द्वितीयक गरी दुई प्रकारका सामग्रीहरु प्रयोग भएका छन् । प्राथमिक सामग्रीका रुपमा एक चिहान उपन्यास रहेको छ भने द्वितीयक सामग्रीका रुपमा उपन्यास सम्बन्धी विभिन्न समालोचनात्मक विचार, चिन्तनयुक्त पुस्तक, पत्रिकाहरुको प्रयोग गरिएको छ । यसैगरी सामाजिक पक्षको अध्ययन गर्न समाजवादी सिद्धान्तलाई पनि यसमा प्रयोग गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

समाजपरक समालोचना अङ्ग्रेजी भाषाको Socialist criticism को नेपाली रूपान्तर हो । यसको आशय साहित्यको समाजपरक अध्ययन भन्ने हुन्छ । "सामाजिक दृष्टिबाट साहित्यिक कृति तथा कृतिकारको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्ने पद्धतिलाई समाजपरक समालोचना प्रणाली भनिन्छ । यो समालोचना समाजसापेक्ष हुन्छ र यसको अध्ययनको केन्द्रबिन्दु सामाजिकता हुन्छ" (शर्मा र लुइटेल, २०७२, पृ.१२६) । यो पुरातन सामन्तवादी चिन्तनको विपरीत आएको परिवर्तनमुखी यथार्थवादी साहित्य चिन्तन हो । समाजशास्त्रको अध्ययन क्षेत्र व्यक्ति नभई समाज हो (दुर्खिम, ईस्वी १८९३-१९५६, पृ. १५१) ) । यो अवधारणालाई नै समाजशस्त्रको वास्तविकको सिद्धान्त भनिन्छ । यस सिद्धान्तमा उनले व्यक्तिलाई भन्दा समाजलाई महत्व दिएको पाइन्छ । समाजको निर्माण व्यक्ति व्यक्ति मिलेर हुन्छ, सबै व्यक्तिका समान इच्छा आकाङ्क्षाहरुको संयोजनबाटै समाजका नीति नियमहरु पनि बन्दछन् तर जब मान्छे व्यक्तिबाट सामाजिक प्राणीका रुपमा रुपान्तरित हुन्छ त्यति बेला व्यक्ति गौण र समाज प्रबल हुन्छ । यस्तो आवस्थामा व्यक्ति समाज निरीह बन्न पुग्छ (दास र अन्य, २०६१, पृ. १५६) ।

यो समालोचना मार्क्सवादी चिन्तनसँग आधारित रहेको छ । यो सामालोचना पद्दतिअन्तर्गत साहित्यिक कृतिको अध्ययन र समाजको विश्लेषण गरिन्छ । यसको मूल आधार समाज हो । यस समालोचनाको सुरुवात अठारौँ शताब्दीबाट भएको हो । यस पद्दतिको सुरुवात एडमन्ड विल्सनले गरेका हुन् । इटालेली विधिशास्त्री गियाम्बाटिस्टा विकोले the new science (१७२५) नामक ग्रन्थ लेखेपछि यो समाजपरक समालोचनाको विकास भएको हो । विकोले सामाजिक सन्दर्भबाट होमरका महाकाव्यको विश्लेषण गरी ग्रिसेली समाजको चित्रण गरेपछि यस पद्दतिको सुरुवात भएको हो । सामाजिक दृष्टिबाट कृतिको अध्ययन विश्लेषण र मूल्याङ्कन गर्ने यो पद्दति मार्क्सवादी र गैह्रमार्क्सवादी धारका रूपमा विकसित र विस्तारित रहेको छ ।

साहित्यलाई समाजको दर्पणको रूपमा हिप्पोलाइट एडल्फ टेनले व्याख्या गरेका हुन् । उनको अध्ययनले समाजको प्रजाति, क्षण, परिवेश, लिङ्ग, धर्म, वर्ग, संस्कृति, सामाजिक मूल्यमान्यता आदिको चर्चा गर्छ । जर्मन समालोचक हेर्डररले ग्रीसेली र शेक्सपियरेली नाटकको अध्ययनका क्रममा युगका युगीन स्पन्दनहरू लेखकको चेतनामा प्रवाहित हुने साथै जाति आनुवंशिक गुण र युगको स्पन्दनले लेखको व्यक्ति चेतना प्रवाहित हुने निचोड निकालेपछि (आचार्य, २०६२, पृ.४५) यसैको आधारभूमिमा टेनले जाति, पर्यावरण र क्षणको मान्यता प्रतिपादन गरेका हुन् । साहित्य एक वा अर्को प्रकारले जीवनकै अभिव्यक्ति हो भने जीवन व्यक्तिगत भएर पनि सामाजिक भोगाइ हो । यही जीवन भोगाइबाट लेखकको चेतना निर्मित हुन्छ । साहित्य त्यही व्यक्ति चैतन्यको अभिव्यक्ति हो (त्रिपाठी, २०४९, पृ.१६५) ।

टेनले साहित्यिक कृतिलाई व्यक्ति चैतन्य तथा मनोविज्ञानको अभिव्यक्ति मान्दै यसलाई प्रकारान्तरले पर्यावरण र युगको अभिव्यक्ति मानेका छन् । यसमा व्यक्ति बाँचेको युगको अभिव्यक्ति र व्यक्ति आफू सम्बद्ध रहेका जातिको अभिव्यक्ति अन्तर्भूत रहेको हुन्छ । टेनले यसलाई जाति, पर्यावरण र क्षण भन्ने पदावलीमा सूत्रबद्ध गरी प्रस्तुत गरेका छन् (शर्मा र लुइटेल, २०७२, पृ.१२८)। साहित्यिक कृतिको वास्तविक मूल्य निर्णय गर्दा साहित्यकार बाँचेको अन्तर्बाह्य परिवेशको मूल्याङ्कनको ख्याल गर्नुपर्ने र साहित्यकार वा लेखकलाई समाजको सदस्यविशेष मानेर उसको रचना वा कृतिलाई समाजको गतिविधि र मान्यताहरूको उपज मान्ने या समालोचना प्रणाली तुलनात्मक रूपमा यथार्थ मानिन्छ । यसरी साहित्यिक कृतिको समाजसापेक्ष मूल्यनिर्धारण गर्ने यो अध्ययन पद्धति निरन्तर रूपमा विकसित र साहित्यचिन्तकका बीचमा लोकप्रिय पनि बनेको छ । समाजपरक समालोचनाका क्षेत्रमा प्रचलित टेनद्वारा प्रतिपादितको जाति, पर्यावरण र क्षणको यहाँ सङ्क्षेपमा चर्चा गरिएको छ ।

**पर्यावरण/वातावरण**

पर्यावरण भनेको कुनै पनि मानिस बाँचेको बाहिरी भौतिक तथा समग्र वातावरण हो । "साहित्यकार जुन युगमा बाँचेको हुन्छ, त्यस युगको आफ्नै सामाजिक समस्या, सांस्कृतिक मान्यता एवम् विश्वास हुन्छ । यिनै समस्या, मान्यता तथा विश्वासलाई समग्र रूपमा पर्यावरण भनिन्छ"(शर्मा र लुइटेल, २०७२, पृ.१२९) । टेनले साहित्यकारको व्यक्तिगत स्वाभाव निर्माणदेखि लिएर उसको विचार निमार्णका लागि समेत ऊ बाँचेको समाजको भौतिक तथा सामाजिक परिवेशको अहम् भूमिका हुने भएको हुनाले यसलाई साहित्यको विश्लेषणका लागि एक आधार बनाएका छन् । कुनै मानिसको आनीबानी तथा चिन्तनको आधारशीला र पर्यावरणबीचका कार्यकारण सम्बन्ध रहेको हुन्छ । साहित्यकार बाँचेको समाजको प्राकृतिक तथा सामाजिक प्रभावसाहित्यमा पनि पर्ने भएकोलेसाहित्यको समाजशास्त्रीय अध्ययनमा परिवेशलाई पनि मुख्य आधारका रूपमा ग्रहण गरिएको छ । किनकी साहित्यिक कृतिभित्रको पर्यावरण कृतिको समाजसापेक्ष अध्ययन गर्ने महत्वपूर्ण कसी बन्न सक्छ ।

**जाति :**

टेनको समाजपरक मान्यताको पहिलो आधार भनेको प्रजातिगत अवधारणा हो । समाजमा भएका जातिगत पहिचानको छाप समाजका सबै मानिसमा पर्छ । खास मानव जातिका खास जीवनको आदर्श र जातीय-सांस्कृतिक मूल्यहरू रहेका हुन्छन् ।"यस्ता जातिगत विशेषताहरू त्यस जातिका सबै साहित्यकारमा घटी वा बढी मात्रामा पाइन्छ

। यसले गर्दा एक जातिको साहित्य अर्को जातिको साहित्यभन्दा भिन्न खालको हुन्छ"(शर्मा र लुइटेल, २०७२, पृ.१२९)। टेनका अनुसार मान्छेको जातिगत रूपमा विविधता रहेको हुनाले प्रत्येक मानिसमा उसका जातिगत विशेषता हुन्छन् । ऊ जहाँ गएपनि आफूले बाल्यकालमा सिकेका जीवन जिउने संस्कारहरू उसको आदर्शका रूपमा रहन्छन् र तिनै कुराको साहित्यमा प्रतिबिम्बन भएको हुन्छ (जैन, १९९२, पृ.२२) ।

## समय

साहित्यकारका जीवनमा विभिन्न समयमा यस्ता विशेष क्षणहरू आउँछन्, जतिखेर ऊ साहित्यिक रचनाका लागि उद्वेलित र प्रेरित हुन्छ । टेनले यस्तो विशिष्ट अवस्थालाई प्रेरक समय भनेका छन् (शर्मा र लुइटेल, २०७२, पृ.१२९) । क्षणलाई टेनले साहित्य विश्लेषणको महत्वपूर्ण आधार मानेका छन् । साहित्यिक कृतिमा साहित्यकारले भोगेको क्षण विशेषको प्रतिच्छायाँ रहने भएको हुनाले त्यसको मूल्याङ्कन नगरी साहित्यको समग्र मूल्यको बारेमा यसै हो भन्न सकिन्न । किनकी साहित्यकारले तत् क्षणमा आएको समाजको प्रधान विचारलाई समातेर साहित्यको सिर्जना गरेको हुन्छ । (पाण्डेय,२००६, पृ.१२५)ले एउटा युगको संवाहकका रूपमा रहेको मुख्य विचारले सिङ्गो समाजलाई मार्गनिर्देशन गरेको हुने र समयको क्रमसँगै सो विचार गौण रूपमा रहेर अर्को विचारको उदय हुने र समाजको विकाससँगै क्षण परिवर्तन हुने भएकाले साहित्यको विश्लेषणमा टेनले क्षणको महत्वलाई प्राथमिकता दिएको बताएका छन् ।

## उपन्यासमा अभिव्यक्त समाजिक पक्ष

एक चिहान उपन्यासले मूलतः नेपाली समाजमा जरो गाडेर बसेको अन्धविश्वास, कुसंस्कार र तिनले निम्न वर्गीय समाजमा पारेको असरहरुमाथि प्रकाश पारेको छ । रातदिन नभनेर मेहनत गर्दा पनि जीविका चलाउन धौ धौ हुने किसानहरु र त्यस प्रकारका रुढीमा फसेका वर्गहरुको यथार्थ चित्रण यस उपन्यासमा गरिएको छ । तिनै किसानहरुमाथि दुष्ट चरित्रका धनी व्यक्तिहरुले कुदृष्टि राख्ने, धनको धाकमा गरीव परिवारको स्वाभिमान र इज्जतमाथि आक्रमण गर्ने, नारीको मूल्य र महत्व नबुझ्ने, आँफु बसी सुख सयलको जीवन बिताएर ती परिश्रमी किसानको श्रमको महत्वबोध नगर्ने जस्ता गलत प्रवृति पनि समाजमा पाइन्छन् । यस्ता गलत प्रवृति नेपाली समाजमा अहिले पनि छन् । हाम्रो समाजमा जालीफटाहा, शोषकसामन्तहरू छन् तिनीहरूले सोझासाझा जनतालाई जहिलेसुकै दुःख दिइरहन्छन् । यसप्रकारका व्यक्तिहरूबाट सधैँ सतर्क हुनु पर्छ भन्ने धारणा यस उपन्यासमा राखिएको छ । हाम्रो समाजमा अझै पनि नारी वा स्त्रीलाई सम्मान गर्ने भावनाको विकास भइसकेको छैन । क्रमशः यसलाई सुधार्दै लानु पर्छ भन्ने धारणा पनि यस उपन्यासको अर्को उद्देश्य वा भाव हो । हाम्रो जस्तो समाजमा आर्थिक कारणले थुप्रै कुराहरू निर्धारण गर्छ । त्यसकारण जस्तोसुकै आर्थिक स्तरका व्यक्तिहरूको पनि सामाजिक सुरक्षा हुनु पर्छ भन्ने धारणा नै यस उपन्यासको मूल भाव हो । वर्गीय दृष्टिले समाज विभाजित छ । त्यसमा गरिब वर्गका व्यक्ति र धनीवर्गका व्यक्तिका बिचमा सधैँ सङ्घर्ष भइरहन्छ तर अन्त्यमा गरिब वर्गको जित निश्चित छ भन्ने धारणा नै यस उपन्यासको मूल भाव हो । सामाजिक संरचनाभित्र आर्थिक रूपमा कमजोर र निमुखा व्यक्तिहरू जहिलेसुकै दमित अवस्थामा बाँचि रहेका छन् । त्यस प्रकृतिका सामाजिक समस्याका विरुद्ध विस्तारै सङ्गठित हुनु पर्ने आजको आवश्यकता हो भन्न खोज्नु यस उपन्यासको मूल भाव हो ।

## उपन्यासले उठान गरेका मुख्य सामाजिक पक्षहरु

### *सामाजिक पक्ष*

यस उपन्यासमा प्रयोग भएको समाज भनेको अर्धसामन्ती वर्गीय समाज हो । जहाँ किसानवर्गका अत्यन्तै न्यून आर्थिक अवस्था भएका व्यक्तिहरु र शोषण गरेरै किन न होस् धनसम्पत्ति कमाएका उच्च धनाढ्य व्यक्तिहरू पनि छन् । यस उपन्यासको सामाजिकता भनेको अर्धसामन्ती समाजको चित्रण हो । नितान्त खेती किसानमा आधारित भएर जीविकोपार्जन गर्ने किसानहरूको समाज उपन्यासमा चित्रण गरिएकाले किसानहरूको सेरोफेरो नै यस उपन्यासको सामाजिकता हो । समाजको सामाजिक संरचनामा कतै उच्च धनाढ्य व्यक्तिहरू पनि छन् भने निकै न्यून

आर्थिक स्थितिका व्यक्तिहरू पनि छन् । त्यसकारण यस उपन्यास ग्रामीण परिवेशको सामाजिकताको सेरोफेरोमा केन्द्रित छ । समाजमा आर्थिक कारणले धनी व्यक्ति र गरिव व्यक्तिका बिचमा सङ्घर्ष सुरु हुँदै गएको सामाजिक प्रस्तुति नै यस उपन्यासको सामाजिकता हो । कुनै साहित्यिक कृतिहरू सामाजनिरपेक्ष भएर चल्न नसक्ने हुँदा यस उपन्यासमा पनि राणाकालीन समयको अवेशेषका रूपमा रहेको सामाजिक चित्रण नै यस उपन्यासको सामाजिकता हो ।

एक चिहान प्रगतिशील विचारधारा आत्मसात् गरी लेखिएको सामाजिक उपन्यास हो । यथास्थिति प्रगतिको अवरोधक हो । यथास्थितिमा प्रगति असम्भव नै हुन्छ । विकृति, विसङ्गति र विरोधाभासहरू अधोगतिका सूचकहरू हुन् । सामाजिक प्रगतिका लागि त्यस किसिमका विषम स्थितिबाट माथि उठ्नै पर्दछ । विद्यमान कुरीति र कुसंस्कारका ठाउँमा नवीन मान्यता र नयाँ परम्पराको जग बसाल्नै पर्छ । यसका लागि आदर्श मार्ग अवलम्बन गरी अग्रगमनतर्फ लाग्नुपर्छ । उपन्यासकार हृदयचन्द्र सिंह प्रधान समाजलाई प्रगति तथा अग्रगमनतर्फ उन्मुख गराउने उद्देश्य लिई कलम चलाउने सचेत साहित्यकार हुन् । उनले आफ्नो उपन्यासमा समाजका रुढिवादी कुप्रथाको विरोध गरी सुधारको सन्देश दिएका छन् । अन्धपरम्परा, आडम्बर, जातिगत सङ्कीर्णता र कट्टरता प्रगतिपथका व्यवधान वा तगाराहरू हुन् । लेखकले उपन्यासमा यस्ता खराबीप्रति तीव्र विरोध जनाएका छन् ।

यस उपन्यासमा विशेष गरी निमुखा किसानहरूको दिनचर्या प्रस्तुत गरिएको छ । लेखकले किसानहरूले दैनिक जीवनमा भोग्नुपरेका समस्या र बेहोर्नुपरेका व्यवधानहरूको विस्तृत व्याख्या गरेका छन् । समाजमा वर्गभेदको स्थिति स्पष्ट रूपमा देखिएको हुनाले लेखकले उपन्यासमा यसको अन्त्य नभई उन्नतिका द्वार खुल्न नसक्ने वास्तविकतातिर पाठकको ध्यानाकर्षण गराईएको छ । हाम्रो समाजमा विविध प्रकारका विकार तथा विकृतिहरू छन् । तिनीहरूको सुधार गर्नु नै एक चिहान उपन्यासको उद्देश्य हो । समाजमा विद्यमान अन्धपरम्पराको विरोध गर्दै त्यसप्रकारका रूढिवादी विचारको वहिष्कारको चाहना व्यक्त गर्नु यस उपन्यासको मूलभाव पनि हो ।

## *आर्थिक पक्ष*

नेपाली समाजमा गरिब वा निम्न वर्गका श्रमजीवी वर्गको दिनचर्या र उनीहरूका सामाजिक आर्थिक समस्याहरूको उठान यस उपन्यासमा भएको छ । घनी वर्गले गरिबहरूको जीवनमा कसरी हमला गर्न खोज्छन् ? उनीहरूले गरिबमाथि के कस्तो व्यवहार र शोषणको प्रयास गर्दछन् ? यसले गरिब नेपालीहरूको जीवन सङ्घर्षलाई मार्मिक रूपमा प्रकट गरेको छ । गरिबहरूले जीवनभर काम गर्दा पनि छाक टार्न धौ-धौ परेको छ । अरूको घर बनाउने सिकर्मी आफ्नै घर मर्मत गर्न नसक्दा त्यसैको भग्नावशेषमा पुरिएर मर्नु परेको कारुणिक अवस्थाको चित्रण यस उपन्यासमा पाइन्छ । समाजमा चेतनाको स्तर नउठेसम्म समाजको विकास हुँदैन । राष्ट्रिय एकता कायम राख्न जातीय साम्प्रदायिकताको अन्त्य र अन्तर जातीय विवाहलाई महत्व दिनु पर्दछ । जबसम्म जातिगत विभेदताको सङ्कीर्णता समाजमा रहन्छ तबसम्म राष्ट्रको उन्नति र प्रगति हुन सक्दैन भन्ने सन्देश उपन्यासले दिन खोजेको छ । यसमा वैवाहिक परम्परालाई अनावश्यक र खर्चिलो नबनाई घाँटी हेरी हाड निल्न आग्रह गरिएको छ । शोषितहरूले शोषक वर्गको अन्याय र अत्याचार चुपचाप सहेर नबसी विद्रोह गर्न र जुध्न सिक्नु पर्छ । समाजका विकृति र विसङ्गतिहरूको अन्त्य गरी स्वस्थ समाजको निर्माणमा लाग्नु पर्छ भन्ने सन्दश दिने उद्देश्य यस उपन्यासले राखेको देखिन्छ ।

## *सांस्कृतिक पक्ष*

एक चिहान उपन्यासमा प्रगतिवादी विचार व्यक्त गर्ने क्रममा उपन्यासकारले हाम्रो सांस्कृतिक पक्षको वारेमा राम्रो विश्लेषण गरेको पाइन्छ । उपन्यासका मुख्य पात्र अष्टनारानले आफ्नो जीवनको अन्तिम समयमा परिवारका सदस्यहरुलाई सम्झाउदै संस्कारगत कुराहरुले हाम्रो दिमाागमा यसको नराम्रो प्रभाव परेको छ । जसमा मृत्यु संस्कार झन संवेदनशील र परिवर्तन गर्न गाह्रो रहेको कुरा व्यक्त गरेको पाइन्छ । समाजमा विद्यमान रुढीगत कुराहरु बदल्दै लानु पर्छ मृत्यु हुँदा संस्कार जोगाउने क्रममा ऋण काढेर भोज भतेर गर्नु पर्ने प्रचलनलाई अस्वीकार गर्ने, परिवारमा नारीलाई सम्मान र समानताको व्यवहार गर्ने, अन्तर्जातीय विवाहलाई प्रोत्साहित गर्दै उपत्यका पर्वते र तराई

समाजका विच सद्भाव अभिवृद्धि गरी राष्ट्रिय एकतालाई बलियो बनाउने, विवाहमा तडक भडक देखाउने प्रचलनलाई हटाई गरिव र श्रमिक किसानलाई सजिलो गरी दाइजोमा पनि मितव्ययिता कायम गर्ने जस्ता विचारहरुलाई यस उपन्यासमा व्यक्त गरिएको छ । नयाँ समाजका पक्षधर हृदय चन्द्र सिंह प्रधानले यस उपन्यासमा सम्पूर्ण रुढिवादी र परम्परालाई जरैदेखि उखेलेर फ्याँक्ने र समाजमा नयाँ मान्यताहरुको स्थापना गर्ने आतुरता देखाएका छन् ( पौड्याल,२०४१, पृ.६५०) ।

प्रस्तुत उपन्यासले अन्ध प्रचलनको कडा विरोध गरेको छ भने त्यस्तो विरोधमा समाजलाई क्रमशः सचेत बनाउँदै प्रगतिशील सुधारबाटै अघि बढ्न उपयुक्त हुने मान्यता पनि प्रस्तुत गरेको छ । प्रधानले प्रस्तुत गरेको यो मान्यता सामाजिक सापेक्षता अनुरूप नै विद्यमान समाजमा परिवर्तन ल्याउनु पर्छ भन्ने प्रगतिवादी मान्यता अनुकूलको देखिन्छ । यसरी 'एक चिहान' उपन्यासले नेपाली समाजलाई अग्रगामी यात्रामा बाधा पुऱ्याउने अन्ध संस्कारलाई छोड्दै अघि बढ्नु पर्ने प्रगतिवादी मान्यता प्रस्तुत गरेको पाइन्छ ।

## *वर्गीय द्वन्द्व र निम्न वर्गीय पक्षको अभिव्यक्ति*

'एक चिहान' उपन्यासमा आर्थिक रूपले सम्पन्न र विपन्न वर्गका बिचको वर्गीय द्वन्द्व प्रस्तुत गरी उच्च वर्गको शोषण, अन्याय र अत्याचारको टड्कारो विरोध गरिएको छ । यस उपन्यासमा शोषक र अत्याचारी वर्गका प्रतिनिधि चरित्रका रूपमा डा. गोदत्त प्रसाद र सुरमान सुब्बा प्रस्तुत भएका छन् भने शोषित र अत्याचार बेहोर्ने वर्गका प्रतिनिधिका रूपमा अष्ट नारानको परिवार प्रस्तुत गरिएको छ । यसमा उपन्यासकारले धनी एवं सम्पन वर्गलाई कामुक, शोषक र चरित्रहीन रूपमा प्रस्तुत गरेका छन् भने गरिब एवं निम्न वर्गलाई त्यस्ता कामुक, शोषक एवं चरित्रहीन व्यक्तिका गलत, घृणित एवं निकृष्ट व्यवहारको सशक्त विरोध गर्ने चरित्रका रूपमा प्रस्तुत गरेका छन् ।

प्रस्तुत उपन्यासको चरित्र गोदत्त प्रसाद आर्थिक दृष्टिले सम्पन्न र पढेलेखेको शिक्षित व्यक्ति हो । ऊ यस उपन्यासमा प्रत्यक्ष रूपले आर्थिक शोषण गर्ने चरित्रका रूपमा नदेखिए पनि आर्थिक सम्पन्नताका आडमा निम्न वर्गका किसान परिवारलाई हेपेर नानीथकुँको भरिपूर्ण जबानीमा कामुक दृष्टि लगाउने चरित्र हो । ऊ निम्न वर्गका मानिसलाई अपमान गर्ने, हेप्ने र नटेर्ने चरित्र हो भन्ने कुरा अष्ट नारान सिकिस्त भई थला परेर उसलाई लिन जाँदा शिव नारानप्रति देखाएको अमानवीय व्यवहारले पनि जनाएको छ । गुभाजू सुभाजूलाई देखाएको भए पनि हुन्थ्यो भनी झिज्जिएर कुरा गर्ने र आफूलाई पहिलै फिस टक्र्याउन अड्डी लिने गोदत्त प्रसाद घर गएर नानीथकुँलाई देख्ने बित्तिकै बदलिन्छ । उसले बिरामी अष्ट नारानलाई कम्पाउन्डरले दिने सुई पनि आफै दिन तयार भएको मात्र होइन लागेको फिस पनि पछि एकै चोटि लिने कुरा गरेर एकाएक उदारता र सहयोगी भावना देखाउँछ । वस्तुतः डा.मा जागेको सो उदारता अष्ट नारानप्रतिको सहृदयता नभई नानीथकुँप्रतिको कामुक मनस्थितिको परिणाम हो भन्ने कुरा उपन्यासमा आएका त्यसपछिका घटनाहरूले नै बुझाएका छन् । उसले पैसाका अभावमा अष्ट नारानको मृत्युपछिको संस्कार कसरी गर्ने भनी छटपटाएका शिव नारान परिवारलाई २५ रुपियाँ दिएर अप्ठेरो फुकाइ दिने काम गरेको छ र त्यसैको मौका छोपेर नानीथकुँसितको निकटता र भेटघाट पनि बढाउँदै लगेको छ । त्यही सहयोगका नाममा परिवारमा आवत जावत पनि बढाउँदै लगी नानीथकुँसित आत्मीय प्रेम गरेको नाटक रच्न सफल भएको छ । यस उपन्यासमा आएका यस्ता घटनाहरूले आर्थिक रूपले सम्पन्न भएका आडमा निम्न वर्गका परिवारमा सहयोगका नाममा प्रवेश गर्ने तथा त्यस वर्गमाथि अनुचित र अमानवीय व्यवहार प्रदर्शन गर्ने दुष्ट चरित्रका क्रियाकलापलाई नै प्रदर्शित गरेको छ । डा.ले नानीथकुँको रूप यौवनमा आँखा गाड्नुमा गरिबहरूलाई हेप्ने सामाजिक प्रवृत्ति र नारीमाथिको अन्याय पूर्ण सामाजिक व्यवहार जिम्मेवार छ । यसरी आफू आर्थिक रूपले सम्पन्न भएकाले विपन्न वर्गका मानिसहरूसँग अनैतिक, अनुचित र हेपाहा प्रवृत्ति देखाउन कत्ति नहिच्किचाउने डा.को व्यवहार उच्च वर्गीय अत्याचारी मनस्थितिकै उपजका रूपमा 'एक चिहान' उपन्यासमा प्रकट भएको छ ।

प्रस्तुत उपन्यासमा सुरमान सुब्बा पनि आर्थिक रूपले उच्च वर्गको जमिन्दार, शोषक र निम्न वर्गका गरिबमाथि र नारीमाथि कुदृष्टि राख्ने कुटिल चरित्रका रूपमा प्रस्तुत भएको छ । ऊ सम्पन्न जमिनदार हो । अष्ट नारानको परिवारले त्यसैको जमिन कमाएर जीविका चलाएको छ । उसले ऋणको २५ प्रतिशत ब्याज उठाउने (प्रधान, २०६७ पृ.२७) र शिव नारानको परिवार सहित अन्य मोहीबाट पनि जबर्दस्ती आयस्ता उठाउने गरेर आफ्नो उच्च

वर्गीय दुष्ट्याँइ देखाएको छ । उसले आफू ५७ वर्षको वृद्ध भएर पनि १७ वर्षकी किशोरी नानीथकुँमाथि कुदृष्टि राखेर काम पिपासु मनस्थिति पनि प्रकट गरेको छ । उसले नानीथकुँको जबानीमाथि कुदृष्टि राखेर नै आफ्नो कारिन्दा राम बहादुर मार्फत देशी तान पठाई नानीथकुँकी आमा लतमायालाई प्रलोभनमा पार्न एक हदसम्म सफलता पाएको छ । ऊ यस उपन्यासमा प्रत्यक्ष नदेखिए पनि उसको शोषणमुखी विचार र क्रियाकलाप राम बहादुर मार्फत प्रकट भएको छ । सुरमानको चरित्रबाट जमिन र धनको घमण्डमा परेर शोषण गर्ने उच्च वर्गका मानिसहरूको प्रतिनिधित्व भएको छ र उसले निम्न वर्गका श्रमजीवीमाथि उनीहरूको गरिबीलाई आड बनाएर शोषण र प्रलोभनको जाल बिछ्याउने तुच्छ कार्य गरेको छ । उसले स्वार्थ पुरा भए जातीय र आर्थिक विभेदलाई पनि बेवास्ता गर्ने तर स्वार्थ पुरा नभए आक्रामक बनेर गरिबहरूमाथि ज्यादती मच्चाउने कार्य गर्ने उच्च वर्गीय एवं उच्च जातीय संस्कारको प्रदर्शन पनि गरेको छ । तल्लो जातको मानिएको अष्ट नारानको परिवारकी नानीथकुँसँग वैवाहिक सम्बन्ध जोड्न खोजेको र त्यसो नहुँदा शोषण र आक्रमण गर्ने चेतावनी दिएको सुरमानको सन्दर्भले यसै तथ्यलाई प्रकट गरेको छ ।

प्रस्तुत उपन्यासमा निम्न वर्गीय चरित्रका रूपमा हर्ष नारानको ससुरा माहिला तामाङ तथा पुतली पनि प्रस्तुत भएका छन् । उनीहरू मूलतः ज्यामीको काम गर्ने श्रमिक मजदुर हुन् र उनीहरूमा पनि अन्तर्जातीय विवाह गर्ने प्रगतिशील विचार प्रकट भएको छ । उपन्यासकारले तिनीहरूमा त्यस प्रकारको विचार प्रकट हुनुमा के कारण थियो भन्ने पक्षलाई केलाउन आवश्यक नठाने पनि हर्ष नारान र पुतलीका बिच सँगसँगै काम गर्दाखेरि सहजै रूपमा माया जागेको सन्दर्भ प्रस्तुत गरेका छन् । त्यस्तै यस उपन्यासमा अष्ट नारानको माहिलो छोरो पुन नारानको ससुरा पनि सिकर्मी काम गर्ने श्रमजीवी वर्गकै चरित्रका रूपमा प्रस्तुत भएको छ । यस उपन्यासमा पुन नारानलाई काम गर्न भनी पेश्की रकम उपलब्ध गराउने साहु चरित्रमा पनि उच्च वर्गीयता प्रकट भए पनि व्यवहार भने गरिबको व्यथा बुझ्ने खालको रहेको कुरो उसले परिवारको दुःख र सङ्कट महसुस गरेको देखाएबाट प्रकट भएको छ (प्रधान, २०६७ पृ.६-७) ।

'एक चिहान' उपन्यासले भिन्न वर्गका स्वभाव, क्रियाकलाप र पहिचानलाई मात्र प्रस्तुत नगरी तिनीहरूका बिचको द्वन्द्वलाई पनि प्रगतिवादी मान्यता अनुरूप स्वाभाविक रूपमा प्रस्तुत गरेको छ । यस उपन्यासमा शिव नारानको परिवार र डा. गोदत्त प्रसादका बिचमा तथा शिव नारानको परिवार र सुरमानका बिचमा प्रभावकारी द्वन्द्व प्रकट भएको छ । यस द्वन्द्वले तत्कालीन र सामयिक नेपाली समाजका पनि श्रमजीवी निम्न वर्ग र उच्च वर्गका बिचको द्वन्द्वलाई प्रतिनिधिमूलतकताका आधारमा प्रकट गरेको छ । अर्थात् शिव नारानको परिवार समस्त निम्न वर्गीय नेपाली किसानको प्रतिनिधि बनेर प्रस्तुत भएको छ भने सुरमान शोषण गर्ने जमिनदार वर्गको र गोदत्त प्रसाद आर्थिक रूपले सम्पन्न तथा गरिब वर्गप्रति हेपाहा दृष्टि राख्ने व्यक्तिको प्रतिनिधि बनेर प्रस्तुत भएको छ । यस उपन्यासमा डा. पैसाका बलले र सुब्बा आफ्नो सरकारी पहुँच र जमिन्दारीका बलले श्रमजीवी अष्ट नारानको परिवारमा आर्थिक सहयोगका नाममा कुटिल ढङ्गमा शोषणको जाल फैलाइ रहेका छन् । उपन्यासमा उच्च वर्गको हेपाहा, कामुक एवं शोषणमूलक क्रियाकलापका विरुद्ध निम्न वर्गका श्रमजीवीले सशक्त प्रतिवाद गर्नु पर्ने र त्यसका निम्ति वैचारिक प्रतिवाद मात्र होइन घोक्रेठ्याक लागाएरै पनि तह लगाउनु पर्छ भन्ने प्रगतिवादी मान्यता प्रस्तुत गरिएको छ । नानीथकुँलाई माग्न पठाएको सुरमानको कारिन्दो राम बहादुरमाथि जाइ लागेको सन्दर्भले प्रतिवादको त्यही शैलीको सङ्केत गरेको छ । यस कारण प्रधानले मार्क्सवादलाई वर्ग सङ्घर्ष र मुक्तिको साधनका रूपमा बुझेका छन् र साहित्यलाई यसै वर्ग सङ्घर्षको सांस्कृतिक माध्यम ठानेका देखिन्छ (बराल, २०६३ पृ.१६६) भन्ने कुरामा विमति जनाउनु आवश्यक देखिन्न । यसबाट उपन्यासकार प्रधान धनी र गरिबका बिचको वा सामन्ती शोषक र शोषितका बिचको अन्तर्विरोधलाई प्रस्ट्याउँदै नयाँ समाजको निर्माण गर्ने उच्च आकाङ्क्षामा तल्लीन देखिन्छन् ( पौड्याल, २०४१ पृ. ६२) । यस उपन्यासको गरिब एवं निम्न वर्गको श्रमजीवी किसान परिवारले डा. गोदत्त प्रसाद र सुरमानको कुदृष्टि तथा बदनियतका विरुद्ध प्रदर्शन गरेको विरोध र क्रियाकलापले त्यही प्रगतिवादी र परिवर्तनकामी विचारलाई सशक्त रूपमा आभिव्यक्त गरेको छ ।

### *लैङ्गिक विभेद प्रतिको असन्तुष्टी*

प्रस्तुत उपन्यासमा नेपाली समाजमा रहेको लैङ्गिक विभेदका विरुद्ध पनि सशक्त आवाज उठाइएको छ । अष्ट नारानका परिवारमा नारी र पुरुषका बिच समान स्तरको सम्बन्ध रहेको छ र खान बस्दा पनि सबैले एकै चोटि पस्केर

बराबरी बाँडी एकै चोटि खान बस्ने प्रचलन छ । यसो गर्दा प्रायः खाना पकाउने काममा संलग्न महिलालाई खाना कम्ती हुने वा अरूले खाइ रहँदा कुरेर बस्नु पर्ने अवस्था नआओस् भन्ने सचेतता देखाएको बुझिन्छ । यस्तो कुरो त्यति ठुलो नलागे पनि परिवारभित्रको संस्कार बदल्नमा निकै उपयोगी मान्नु पर्छ । त्यस्तै यस उपन्यासकी रञ्जना देवी नारी अधिकार र अस्तित्वप्रति निकै सचेत चरित्रका रूपमा देखिएकी छ । ऊ आफ्नो पति गोदत्त प्रसादको देखावटी मायाजालमा नानीथकुँ फस्दै गएको देखेपछि तुरुन्तै सक्रियता देखाई उसलाई पतिको चरित्रहीन स्वभाव र अरू अरू पुरुषका पनि त्यस प्रकारका गलत नियतप्रति नारी आफै सचेत हुनु पर्ने सल्लाह दिएकी छ । उसले आफ्नो लोग्नेको बानी राम्रो नभएको, उसले घरमा काम गर्ने नोकर्नीसँग पनि अनुचित सम्बन्ध राख्न खोजेको जानकारी समेत गराई सचेत गराउन खोजेकी छ । यस प्रकार सम्झाएर सचेत पार्न खोज्दा पनि गोदत्त प्रसादको अन्धो आवेगी प्रेममा एकोरिएकी नानीथकुँले मान्ने छाँट नदेखाएपछि मिठो मुखले नारी अधिकार, मर्यादाको रक्षा र कर्तव्यका बारेमा महत्त्व पूर्ण सुझावहरू दिएकी छ । उसले नानीथकुँलाई “स्वस्नी मान्छेको इज्जत स्वस्नी मान्छेले नै राख्न जान्नु पर्छ ” भन्दै “ नारी भएर तिमीले नारीको मूल्य पहिचान्न सक, नारीको महत्त्व बढाउन कोसिस गर । समाजको मर्यादा र गौरव नारीको मूल्यमा निर्भर छ (प्रधान, २०६७ पृ. ६४-६५) भन्ने नारी स्वाभिमान र नारी अस्तित्वको रक्षा गर्नु पर्ने महत्त्व पूर्ण विचार व्यक्त गरेकी छ । रञ्जना देवीका यस्ता भनाइहरू आफूले सौता भोग्नु नपरोस् भन्ने सीमित स्वार्थमा आधारित खालका हुन् कि भन्ने कदापि लाग्दैनन् । ती विचारले रञ्जना देवीको चारित्रिक उच्चतालाई झल्काएका छन् र आई. ए. सम्म पढेकी शिक्षित नारीको वैचारिक परिपक्वतालाई प्रकट गर्दै समग्र नारी अस्तित्व र मर्यादाको रक्षा गर्नु पर्ने सजगता प्रस्तुत गरेका छन् । अल्लारे उमेरकी नानीथकुँ गोदत्त प्रसादसितको मायामा लहसिएर उसको ( गोदत्त) प्रेम पाए संसारको कुनै शक्तिले आफूलाई छुन नसक्ने भनेर एकोरिएकीमा रञ्जना देवीले नै नारी अधिकारका बारेमा राम्ररी सम्झाइ बुझाइ गरेपछि “म स्वस्नी मान्छेकी कलङ्किनी हुन चाहन्न, म जिन्दगी बेच्न चाहन्न (प्रधान, २०६७ पृ.९०) भन्न पुगेकी छ । साथै नानीथकुँका मनमा नारी अधिकार र मर्यादाबोध जगाउनमा शिव नारानको पनि उल्लेख्य भूमिका रहेको सन्दर्भ पनि महत्त्व पूर्ण नै छ । यसरी प्रस्तुत उपन्यासले समाजमा नारीमाथि असमान व्यवहार गर्ने, तिनीहरूलाई केवल भोग र वासनाका साधन ठान्न खोज्ने पुरुषका गलत प्रवृत्ति विरुद्ध नारीहरू स्वयं सचेत र सजग हुनु पर्ने मान्यता प्रस्तुत गरेको छ र यस प्रकारको विचार प्रस्तुत गर्नुमा रञ्जना देवीका साथै शिव नारानको विचार पनि महत्त्व पूर्ण रहेको देखिएको छ ।

प्रस्तुत उपन्यासमा सुरमान सुब्बा र गोदत्त प्रसाद जस्ता भ्रष्ट र सामन्त चरित्रहरू नारीलाई असमान र अपमानजनक व्यवहार गर्न खोज्नेमा परेका छन् भने रञ्जना देवी, शिव नारान र उसको परिवार समानताको व्यवहार गर्ने रूपमा प्रस्तुत भएका छन् । यस उपन्यासकी शिव नारानकी पत्नी हाकुमाया झन् सशक्त चरित्रका रूपमा देखिएकी छ । उसले त सुरमान सुब्बाको कारिन्दा राम बहादुरलाई नानीथकुँसित बिहे रचाउने लालचमा ल्याइ दिएको देशी तान फिर्ता लैजान खोज्दा “जा पच भयो तेरो तान !” भन्दै धपाएकी छ । क्रियाशीलता कम भए पनि हाकुमायाको चरित्र सङ्घर्षशील देखिएको छ । लतमाया र नानीथकुँ पहिले नारी अधिकारप्रति त्यति सचेत नरहे पनि पछि सचेत भएका छन् । समग्रमा ‘एक चिहान’ उपन्यासले प्रेम र विवाहका बारेमा नयाँ मान्यता प्रस्तुत गर्दै लैङ्गिक विभेदका विरुद्ध पनि अग्रगामी र व्यावहारिक पाइला चालेको छ र यसबाट राष्ट्रिय एकता र देशभक्ति पूर्ण मार्गको खोजी पनि भएको छ । नारी अधिकारप्रति निकै सचेत रञ्जना देवीमा नारी स्वतन्त्रताको प्रबलता पाइनुका साथै शिव नारान र उसका परिवारको नारी समानता र अधिकारप्रतिको सचेत विचारले प्रस्तुत उपन्यासलाई प्रगतिवादी मान्यता अनुकूलको बनाएको निष्कर्ष निकाल्न सकिन्छ ।

## समापन

हृदय चन्द्र सिंह प्रधानद्वारा रचित ‘एक चिहान’ उपन्यासको अन्तर्वस्तुले नेपाली समाज विकासका बाधक तत्वहरूको राम्ररी छानबिन गरेको छ ती तत्वलाई हटाई अग्रगामी यात्रामा अघि बढ्नु पर्ने मार्ग निर्देश पनि गरेको छ । यसले वर्षौंदेखि नेपाली समाजमा जरा गाडी बसेका संस्कारगत अन्धता र धार्मिक रूढिहरूलाई छोड्दै क्रमशः सामाजिक परिवर्तनको प्रगतिशील र प्रगतिवादी मार्ग अवलम्बन गर्नु पर्ने मान्यता प्रस्तुत गरेको छ । यस्तो परिवर्तनलाई नेपाली समाजको सापेक्षता अनुकूल नै अघि बढाउनु पर्ने विचार पनि यसले प्रस्तुत गरेको छ । यस उपन्यासले प्रेमका नाममा हुने वासनात्मक सुखभोगको लिप्सालाई पुरै अस्वीकार र विरोध गर्नुका साथै अनमेल विवाह, बहु विवाह जस्ता कुप्रथाको टड्कारो विरोध गरेको छ । यसले नारीमाथि विभेद पूर्ण व्यवहार गर्ने, वासनात्मक एवं कामुक दृष्टि लगाउने सामन्ती एवं पुरुषवादी कुदृष्टिको पनि घृणापूर्वक विरोध गरेको छ । सम्पन वर्गका सामन्त एवं

भ्रष्ट कर्मचारीबाट श्रमजीवी गरिब वर्गमाथि गरिने शोषणजन्य व्यवहारको सशक्त एवं बलपूर्वक प्रतिरोध पनि गर्नु पर्ने मान्यता यसले प्रस्तुत गरेको छ । समाज विकासको प्रक्रियामा श्रमको आधारभूत महत्त्व रहेको कुरातिर सङ्केत गर्दै प्रस्तुत उपन्यासले किसान, मजदुर आदि निम्न वर्गका श्रमिकले आफ्नो श्रमिक कर्मलाई कहिल्यै छोड्न नहुने मान्यता पनि प्रकट गरेको छ ।

समग्रमा 'एक चिहान' उपन्यासले समाजमा जरा गाडी बसेका संस्कारगत अन्धताका विविध पक्षलाई छोड्दै प्रेम र विवाहका बारेमा पनि परिवर्तनमुखी विचार प्रस्तुत गरेको छ । यसले लैङ्गिक विभेदका विरुद्ध नारीभित्रै सचेतताको आवश्यकता औंल्याउनुका साथै शोषणको विरोध तथा श्रमको सम्मानका लागि पनि वर्गीय मुक्तिको आन्दोलनलाई सशक्त रूपले अघि बढाउनु पर्ने प्रगतिवादी मान्यता प्रस्तुत गरेको छ । अन्त्यमा प्राकृतिक विपत्तिबाट परिवारको एकै चिहान भएको प्रसङ्गले मानवीय नियतिको गलत सन्देश जान सक्ने कुरा र उपन्यासभित्रका कतिपय घटनाको कार्य कारणजन्य कलात्मक तालमेलको अभाव खड्किए पनि मूलतः प्रस्तुत उपन्यासले समाजको अग्रगामी परिवर्तनको प्रगतिवादी अन्तर्वस्तुलाई सशक्ततापूर्वक प्रस्तुत गरेको पाइन्छ ।

## सन्दर्भ सामग्री

आचार्य कृष्णप्रसाद (२०६२), *पाश्चात्य साहित्य सिद्धान्त र नेपाली समालोचना,* काठमाडौं : क्षितिज प्रकाशन ।
जैन निर्मला, (ई. १०९२), *साहित्यका समाजशस्त्रीय चिन्तन,* (दोस्रो सं.), दिल्ली : मोर्डन टाउन ।
दास प्रभाकरलाल र अन्य, (२०६१), *विश्वका प्रमुख मानवशास्त्रीहरु एक परिचय,* काठमाडौं : रेखारानी प्रकाशन ।
दुर्खिम इमाइल, (ई.स.१८९३-१९५६), *द डिभिजन अव् लेवर इन सोसाइटी,* न्युयोर्क : द फ्री प्रेस ।
त्रिपाठी वासुदेव (२०४९), *पाश्चात्य साहित्यको सैद्धान्तिक परम्परा,* भाग-२, (ते.सं.), ललितपुर : साझा प्रकाशन ।
पाण्डेय मैनेजर (ई. २००६), *साहित्य मे समाजशस्त्र की भूमिका,* चण्डीगढ : हरीयाणा साहित्य अकादमी ।
पौड्याल हीरामणि शर्मा (२०४१), समालोचनाको बाटोमा, पर्वत : इन्दिरा शर्मा पौड्याल ।
प्रधान हृदयचन्द्रसिंह, (२०५२), *नेपाली उपन्यास र उपन्यासकार* (ते.सं.), ललितपुर : साझा प्रकाशन ।
प्रधान हृदयचन्द्रसिंह, (२०६७), *एक चिहान,* ललितपुर : साझा प्रकाशन ।
बराल ऋषिराज. (२०६३). *उपन्यासको सौन्दर्यशास्त्र* (दो.सं.). ललितपुर : साझा प्रकाशन ।
बराल कृष्णहरि र एटम, नेत्र, (२०६६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* (ते.सं.), ललितपुर : साझा प्रकाशन ।
लुइटेल खगेन्द्रप्रसाद, (२०६९), *नेपाली उपन्यासको इतिहास,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।
शर्मा मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०७२), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* (चौ.सं.), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।